नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
बुटवल
Email : fwssmpbutwal@gmail.com

सार्वजनिक सूचना !!!

विषय: खानेपानी तथा सरसफाइ आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रकाशित मिति: २०८३/७/१२

"खानेपानी तथा सरसफाइ सम्बन्धमा दिगो विकास लक्ष्य प्रवर्धन अन्तर्गतको बजेट रकम खर्च गर्ने सम्बन्धी कार्यविधि २०८३" बमोजिम यस कार्यालयको कार्यक्षेत्र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, गुल्मी, अर्घाखाँचीर पाल्पा भित्र सञ्चालन गर्न सकिने प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयनमा नरहेका खानेपानी तथा सरसफाई आयोजनाहरूको प्रस्ताव आह्वान गरिएको छ।

इच्छुक सम्बन्धित निकाय तथा सरोकारवालाहरूले देहायका विवरण र कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आयोजनाको प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

१. आयोजनाको पूर्व तयारीको अवस्था
२. आयोजनाबाट लाभान्वित हुने जनसङ्ख्या
३. आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन
४. आयोजना कार्यान्वयन गर्ने तालिका
५.कार्यविधिले तोके बमोजिम अन्य कागजातहरु (उपभोक्ता समितिको निवेदन,माइन्युट तथा दर्ता प्रमाण पत्र, स्थानीय तहको सिफारिस, जनश्रमदान व्यहोर्ने प्रतिबद्धता निर्माण पश्चातको सञ्चालन प्रतिबद्धता र संरचना निर्माणको लागि जग्गा प्राप्ति तथा मुल दर्ता को कागजातहरु)।

प्राप्त प्रस्तावहरु स्वीकृत कार्यविधि बमोजिम छनोट प्रक्रियामा समावेश गरिनेछन् । "खानेपानी तथा सरसफाई सम्बन्धमा दिगो विकास लक्ष्य प्रवर्धन अन्तर्गतको बजेट रकम खर्च गर्ने सम्बन्धी कार्यविधि २०८३" खानेपानी तथा ढल व्यवस्थापन विभागको website **https://dwssm.gov.np** बाट हेर्न सकिनेछ ।

थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

फोन नं.: ०७१-४२०५१८
E-mail: fwssmpbutwal@gmail.com
सूचना अधिकारी- ई. रमेश थापा (९८५७०४४५१८)

....
अतुलेश कुमार कर्ण
कार्यालय प्रमुख
कार्यालय प्रमुख